नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

## कृषि यान्त्रीकरण प्रबर्द्धन केन्द्र
नक्टाझिज, धनुषा

फोन न .९८५४०२१७६१

मिति :२०८०/०२/०१

### सूचनाः आँप तथा लिची फल लिलाम विक्री सम्बन्धमा।

यस केन्द्र अन्तर्गत रहेको आँप तथा लिची फल वोटकै अवस्थामा (आवास क्षेत्र, नर्सरी क्षेत्र तथा नर्सरीको पूर्व उतर कुनाको बाटो भन्दा पश्चिम रहेका बोटहरु बाहेक) शिलवन्दी प्रक्रिया द्वारा लिलाम विक्री गर्नु पर्ने भएको हुँदा तपसिल अनुसारको शर्तमा रही ईच्छुक व्यक्ति,फर्म,संस्था वा कम्पनीहरुवाट आफुले कबोल गर्न चाहेको रकम अंक र अक्षरमा प्रष्ट रुपमा बुझिने गरी व्यक्ति भए नागरिकताको फोटोकपी / फर्म,संस्था वा कम्पनी भए दर्ता प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्रको फोटोकपि सहित शिलबन्दी निवेदन यो सूचना प्रकाशित भएको मितीले ७ सात दिन भित्र यस केन्द्रमा दर्ता गराउनु हुन सबैको जानकारीको लागी यो सूचना प्रकिशत गरिएको छ ।

तपसिलः

१. दरभाउपत्र खरिद मिति २०८०/०२/०७ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ।
२. शिलबन्दी लिलाम निवेदन मिती २०८०/०२/०८ गते दिनको १२:०० बजे सम्म यस केन्द्रमा दर्ता गरी सक्नु पर्ने छ ।
३. दरभाउपत्र वापतको रकम रु.१०००। (फिर्ता नहुने गरी) यस केन्द्रको लेखा शाखामा नगदै बुझाइ दरभाउ पत्र लिन सकिने छ।
४. दर्ता भएको शिलबन्दी दरभाउ पत्र/निवेदनहरु सोही दिन २०८०/०२/०८ गते दिनको २.०० बजे यस योजनामा सम्बन्धित निवेदनदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा निवेदन दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी निवेदन खोल्न बाधा पर्ने छैन ।
५. शिलबन्दी निवेदन पेश गर्दा आफुले कबोल गरेको अंकको १०% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रा. वा. बैंक जनकपुरमा रहेको धरौटी खाता नं. १२२०१००१०२०३०००० कार्यालय कोड नं. ३१२०११७०१ मा जम्मा गरेको सक्कल दोश्रो प्रति वा नगदै निवेदन साथ पेश गर्नु पर्ने छ ।वा सो वरावरको यस केन्द्रको नाममा जारी गरिएको कम्तीमा ६ महिना अवधि भएको बैंक जमानत पेश गर्नुपर्ने छ।
६. शिलबन्दी निवेदन स्वीकृत भएको निवेदनदाताले स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम जम्मा गर्नु पर्नेछ र बाँकी ६० प्रतिशत रकम पहिलो पटक फल टिप्नु भन्दा पहिला नै जम्मा गर्नु पर्ने छ ।
७. सम्झौता भए पछि फलको रेखदेख तथा सम्पूर्ण सुरक्षाको जिम्मेवारी लिलाम विक्रि सकारकर्ता स्वयंको हुनेछ ।
८.दरभाउपत्र शर्त रहित, केरमेट नभएको, केन्द्रले उपलब्ध गराएको फाराममा कुनै पनि थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ। तोकिएको समय भित्र प्राप्त नभएको, रित नपुगेको, सुचना शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनै छैन।
९.फल टिप्ने क्रममा बोटहरुको लामा हँगाहरु तथा अन्य कुनै किसिमको हानी नोक्सानि गर्न पाइने छैन । हानी नोक्सानी हुन गएमा केन्द्रले गरेको मुल्याङ्कन बमोजिम क्षतिपुर्ति व्यक्ति/फर्मले व्यहोर्नु पर्ने छ। मिति २०८० असारमसान्त भित्र फल टिपि सक्नुपर्ने छ।
१०. शिलबन्दी निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार केन्द्रमा सुरक्षित रहने छ ।
११. बगैचा निरिक्षण तथा फल सम्बन्धी अन्य कुरा बझ्नु परेमा कार्यालय खुलेको समयमा केन्द्रको बागवानी ईकाईमा सम्पर्क राख्न सकिनेछ ।
१२. आँप, लिची फलको न्युनतम मुल्य रु.२९८६७६.६७। (दुइ लाख अन्ठान्वे हजार छ सय छयहतर रुपैया सरसठ्ठी पैसा कायम गरिएको छ।
१३. बोलपत्र सम्बन्धि विस्तृत सूचना तथा बोलपत्रका शर्तहरु यस केन्द्रको सूचना पाटीमा तथा केन्द्रको website(www.ampcnaktajhij.gov.np) हेर्न सकिनेछ ।
१४. केन्द्रले प्राविधिक परिक्षणको लागि छुटयाईएको प्रत्येक जातको २/२ वोट व्यक्ति/फर्मले टिप्न पाइने छैन ।
१५. कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
१६. यसमा उल्लेख नभएको कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन, कानुन बमोजिम हुने छ।

नोटः दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

केन्द्र प्रमुख
केन्द्र प्रमुख

E_mail: ampcnaktajhij@gmail.com

१. दरभाउपत्र फारम दस्तुर वापत रु .१०००)एक हजारपछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको ( मितिले ७ औ दिनको कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गरि ८ औ दिनको १२:०० बजेभित्र यस केन्द्रमा दर्ता गरिसक्नुपर्नेछ । उक्त दरभाउपत्र फाराम यस केन्द्रको लेखाशाखाबाट खरिद गर्न सकिनेछ ।

२. दर्ता भएको शिलबन्दी निवेदनहरु सोही दिन २०८०/०२/०८ गते दिनको २.०० बजे यस योजनामा सम्बन्धित निवेदनदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा निवेदन दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी निवेदन खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी निवेदन पेश गर्दा आफुले कबोल गरेको अंकको १०% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रा. वा. बैंक जनकपुरमा रहेको धरौटी खाता नं. १२२०१००१०२०३०००० कार्यालय कोड नं. ३१२०११७०१ मा जम्मा गरेको सक्कल दोश्रो प्रति वा नगदै निवेदन साथ पेश गर्नु पर्ने छ ।वा सो वरावरको यस केन्द्रको नाममा जारी गरिएको कम्तीमा ६ महिना अवधि भएको बैंक जमानत पेश गर्नुपर्ने छ।

४. शिलबन्दी निवेदन स्वीकृत भएको निवेदनदाताले स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम जम्मा गर्नु पर्नेछ र बाँकी ६० प्रतिशत रकम पहिलो पटक फल टिप्नु भन्दा पहिला नै जम्मा गर्नु पर्ने छ ।

५. सम्झौता भए पछि फलको रेखदेख तथा सम्पूर्ण सुरक्षाको जिम्मेवारी लिलाम विकि साकारकर्ता स्वयंको हुनेछ र बगैचाको रेखदेखको लागि बढिमा ४ जानासम्म व्यक्ति राख्न सकिने छ र उक्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र मो.नं. यस केन्द्रमा उपलब्ध गराउनु पर्ने छ। ।

६. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, केन्द्रले उपलब्ध गराएको फाराममा कुनै पनि थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ। तोकिएको समय भित्र प्राप्त नभएको, रित नपुगेको, सुचना शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनै छैन।

७. फल टिप्ने क्रममा बोटहरुको लामा हँगाहरु तथा अन्य कुनै किसिमको हानी नोक्सानि गर्ने पाइने छैन । हानी नोक्सानी हुन गएमाम केन्द्रले गरेको मुल्याङ्कन बमोजिम क्षतिपुर्ति व्यक्ति/फर्मले व्यहोर्नु पर्ने छ।मिति २०८० असारमसान्त भित्र फल टिपि सक्नु पर्नेछ ।

८. शिलबन्दी निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार केन्द्रमा सुरक्षित रहने छ ।

९. फल सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा केन्द्रको बागवानी ईकाईमा सम्पर्क राख्न सकिनेछ ।

१०.आँप तथा लिची फलको न्युनतम मुल्य रु.२९८६७६.६७।(दुई लाख अन्ठान्वे हजार छ सय छयहतरु रुपैया सरसठ्ठी पैसा मात्र) कायम गरिएको छ।

११.यसमा उल्लेख नभएको कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन, कानुन बमोजिम हुने छ।

१२.ईच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रतिलिपि आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी सहितको निवेदन यस केन्द्रमा पेश गर्नुपर्नेछ ।

१३.दरभाउपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको नाम थरसमेत खुलाई लाहाछाप लगाई .फोन नं ,ठेगाना , शिलबन्दी गरी पेश गर्नुपर्छ ।

१४.कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेको दरभाउपत्रमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको स्थानमा हस्ताक्षर गरेको हुनुपर्नेछ अन्यथा मान्यता दिईनेछैन । ,

१५.केन्द्रले प्राविधिक परिक्षणको लागि छुटयाईएको प्रत्येक जातको २/२ वोट व्यक्ति/फर्मले टिप्न पाइने छैन ।

१६.दर्ता भएको दरभाउपत्रहरु ८ औ दिन दिनको २:०० बजे कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिज, धनुषामा खोलिनेछ र निवेदनदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१७.रित नपुगि वा म्याद नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

१८.उपरोक्त उल्लेखित नियम तथा शर्तहरु पूर्णरुपले पालना गर्नेछु भनी यो बोलपत्र पेश गरेको छु।

नोटः दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ।